**September 7th, 2025 Sunday**

**सुरुमा यस बुलेटिनका प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले बाढीको अवस्थाको आकलन गर्न मंगलबार पञ्जाबको भ्रमण गर्नुहुने

२. पञ्जाब, जम्मू कश्मीर र हिमाचल प्रदेशमा बाढीको स्थितिमा सुधार, राहत र उद्धार कार्य जारी

३. **आइतबारको दिन साइकल चलाऔं** अभियान अब एक आन्दोलन बनेको खेलकुद मन्त्री मनसुख मण्डावियाको भनाइ

४. एसिया कप हक्की च्याम्पियनसिपमा भारत र दक्षिण कोरियाबीच आज साँझ बिहारमा उपाधि खेलको लागि भिडन्त हुँदै

**अब समाचार विस्तारमा**

१. Punjab – PM Visit

प्रधानमन्त्री नरेन्द्र मोदीले बाढीको अवस्थाको अवलोकन गर्न मंगलबार पञ्जाबको भ्रमण गर्नुहुनेछ। उहाँले स्थानीय अवस्थाको व्यक्तिगत रूपमा मूल्याङ्कन गर्नुहुनेछ र प्रभावित मानिसहरूलाई अधिकतम सहयोग सुनिश्चित गर्नुहुनेछ। पञ्जाब भाजपा अध्यक्ष सुनील जाखरले सामाजिक सञ्जालको एक पोस्टमा भ्रमणको पुष्टि गर्नुभयो। यसअघि केन्द्रीय कृषि मन्त्री शिवराज सिंह चौहानले स्थितिको मूल्याङ्कन गर्न राज्यको भ्रमण गर्नुभयो। यसबाहेक, बाढीबाट भएको क्षतिको मूल्याङ्कन गर्न दुई केन्द्रीय अन्तर-मन्त्रालय टोलीहरू गठन गरिएको छ। पञ्जाब, जम्मू कश्मीर र हिमाचल प्रदेशमा बाढीको अवस्थामा क्रमिक सुधार आइरहेको छ। यहाँ राहत र उद्धार कार्य जारी छ। हाम्रा संवाददाताले स्थानीय प्रशासन, सेना, एनडीआरएफ र बीएसएफका टोलीहरू राहत र उद्धार कार्यमा संलग्न रहेको रिपोर्ट गरेका छन्।

२. Flood Updates

अर्कोतर्फ, हिमाचल प्रदेशमा मनसुन सुस्त भएको छ र अहिले बेलाबेलामा फाटफुट वर्षा भइरहेको छ। मौसम विभागले आज र भोलि केही स्थानमा मेघगर्जन र चट्याङ पर्ने आशंका गरेको छ। साथै सेप्टेम्बर ९ देखि १३ सम्म सम्पूर्ण राज्यमा हल्कादेखि मध्यम वर्षा हुने मौसम विभागले अनुमान गरेको छ।

३. IMD Forecast

यस महिनाको १२ तारिखसम्म जम्मू कश्मीरमा मेघगर्जनसहित हल्का वर्षा हुने सम्भावना छ। यसैबीच, जम्मू-श्रीनगर राष्ट्रिय राजमार्ग आज छैटौं दिन पनि अवरुद्ध छ। अवस्था सामान्य नभएसम्म मानिसहरूलाई यस राजमार्गमा यात्रा नगर्न सल्लाह दिइएको छ।

४. IMD Gujarat

भोलिसम्म गुजरात र पश्चिमी राजस्थानका केही ठाउँहरूमा भारी वर्षा हुने अनुमान गरिएको छ। आगामी दुईदेखि तीन दिनमा हरियाणा, चण्डीगढ, दिल्ली र उत्तराखण्डमा भारी वर्षा हुने सम्भावना छ। तमिलनाडु, केरला, माहे, लक्षद्वीप, यानम र आन्ध्र प्रदेशको तटीय क्षेत्रहरूमा पनि यस्तै अवस्था रहने अनुमान गरिएको छ। भोलिसम्म असम, नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुराका केही ठाउँहरूमा पनि वर्षा हुने अनुमान गरिएको छ। आगामी पाँच दिनसम्म यानम, रायलसीमा र तटीय आन्ध्र प्रदेशमा तेज हावा चल्ने अनुमान गरिएको छ।

५. GST - Implementation

वस्तु तथा सेवा कर (GST) को दरमा हालै गरिएका सुधारहरू यस महिनाको २२ तारिखदेखि लागू हुनेछन्। हाम्रा संवाददाताका अनुसार नयाँ GST दरहरूले चिकित्सा क्षेत्रमा पनि अनुकूल प्रभाव पार्ने सम्भावना छ।

६. SCO - WTO

भारतले विश्व व्यापार संगठनसँग स्वतन्त्र, निष्पक्ष र समावेशी बहुपक्षीय व्यापार प्रणालीको पक्षमा आफ्नो अडानलाई दोहोऱ्याएको छ। हिजो रूसको भ्लाग्डिभोस्टोमा भएको सांघाई सहयोग संगठन व्यापार मन्त्रीहरूको बैठकमा भारतले विश्व व्यापार संगठनको सामूहिक शक्ति साझा समृद्धिको लागि प्रयोग गरिनुपर्ने बताएको छ।

**समाचार आकाशवाणीबाट सुन्दैहुनुहुन्छ....**

७. Mandaviya – Sunday on Cycle

युवा मामिला तथा खेलकुद मन्त्री मनसुख मण्डावियाले भन्नुभएको छ, **आइतबारको दिन साइकल चलाऔं** अभियान अब एक आन्दोलन बनेको छ। उहाँले तन्दुरुस्त रहने मन्त्रलाई प्रवर्द्धन गर्न देशका ८००० भन्दा बढी स्थानमा कार्यक्रम आयोजना गरिएको र ५० भन्दा बढी सांसदहरूले यसमा भाग लिएको बताउनुभयो। श्री मण्डावियाले नयाँ दिल्लीमा रेलवे विभागसँगको सहकार्यमा आयोजित एक कार्यक्रममा यस्तो आशयको कुरा बताउनुभएको हो।

८. Japan PM Resigns

जापानका प्रधानमन्त्री शिगेरु इशिबाले आज पदबाट राजीनामा दिनुभएको छ। उहाँको सत्तारुढ लिबरल डेमोक्रेटिक पार्टी (एलडीपी) ले संसदमा बहुमत गुमाएपछि चुनावमा पराजय भोग्नुपरेको थियो। उहाँको कार्यकाल एक वर्ष पनि पुगेको थिएन। यद्यपि अर्को प्रधानमन्त्री निर्वाचित नभएसम्म शिगेरु इशिबाले नै प्रधानमन्त्रीको कार्यभार सम्हाल्ने बताइएको छ।

९. Thailand PM

थाइल्याण्डमा अनुतिन चरणवीरकुलले प्रधानमन्त्रीको पदभार ग्रहण गर्नुभएको छ। उहाँले सुश्री शिनावात्राको स्थानमा लिनुभएको छ, जसलाई अदालतको आदेशपछि हटाइएको थियो।

१०. Lunar Eclipse

आज राति पूर्ण चन्द्रग्रहण लाग्ने छ। यो ग्रहण सम्पूर्ण भारतमा स्पष्ट रूपमा देखिनेछ। चन्द्रग्रहण आज राति ८:५८ बजे सुरु हुनेछ र भोलि बिहान २:२५ बजे समाप्त हुनेछ। यो एक दुर्लभ खगोलीय घटना हो जुन पूर्णिमाको दिन मात्र हुन्छ।

Byte….. Nikhil

११. Annapurna Roy – Venice Film Festival

नवोदित चलचित्र निर्माता अनुपर्ण रोयले आफ्नो कथानक चलचित्र 'सङ्स अफ फोरगटन ट्रीज' को लागि ८२ औं भेनिस चलचित्र महोत्सवमा सर्वश्रेष्ठ निर्देशकको पुरस्कार जितेर इतिहास रच्नुभएको छ। यो चलचित्र अनुराग कश्यपले महोत्सवमा प्रस्तुत गर्नुभएको थियो।

१२. Sports News

अब खेल प्रसंगः **एसिया कप हक्की च्याम्पियनसिपको** फाइनल आज साँझ भारत र दक्षिण कोरियाबीच खेलिनेछ। यो खेल बिहारको राजगीरमा साँझ साढे सात बजे सुरु हुनेछ। **विश्व आर्चरी च्याम्पियनशिपमा**, अमन सैनी, ऋषभ यादव र प्रथमेश भालचन्द्र फुगेको त्रिकूटले मिश्रित पुरुष टोलीले स्वर्ण पदक जितेको छ। यसै बीच ज्योति सुरेखा वेन्नम र ऋषभ यादवले मिश्रित टोली प्रतियोगितामा रजत पदक जिते। **युएस ओपन टेनिस च्याम्पियनसिपको** पुरुष एकलको फाइनलमा आज स्पेनका कार्लोस अल्काराजले इटालीका यानिक सिन्नरको सामना गर्नेछन्। खेल भारतीय समय अनुसार राति साढे एघार बजे सुरु हुनेछ।

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटकः**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले बाढीको अवस्थाको आकलन गर्न मंगलबार पञ्जाबको भ्रमण गर्नुहुने

२. पञ्जाब, जम्मू कश्मीर र हिमाचल प्रदेशमा बाढीको स्थितिमा सुधार, राहत र उद्धार कार्य जारी

३. **आइतबारको दिन साइकल चलाऔं** अभियान अब एक आन्दोलन बनेको खेलकुद मन्त्री मनसुख मण्डावियाको भनाइ

४. एसिया कप हक्की च्याम्पियनसिपमा भारत र दक्षिण कोरियाबीच आज साँझ बिहारमा उपाधि खेलको लागि भिडन्त हुँदै